जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३८ अंक ३८ २०७७ साल असार १४ गते आइतवार (28 June 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्वन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : चट्याङ लागेर चारको मृत्यु ... पृष्ठ ३ मा : कोरोना महामारीपछिको ... पृष्ठ ४ मा : कोरोनालाई परास्त गरि ... पृष्ठ ५ मा : जसपाका विद्यार्थी ...

## आइसोलेशन वेडको अभावमा सप्तरीमा एक दर्जन संक्रमित अझै क्वारेन्टाइनमै



**राजविराज**/सप्तरीमा दिनहुँ कोरोना संक्रमित थपिदै गएपछि जिल्लामा आइसोलेशन वेडको अभाव भएको छ। वेडको अभावमा १२ जना संक्रमितलाई भने अझैं सम्बन्धीत स्थानिय तहको क्वारेन्टाइनमै छुट्टै कोठामा राखिएको छ।

जिल्लाको एक मात्र आइसोलेशन कक्ष रहेको सदरमुकाम राजविराजस्थित साईकृष्णा अस्पतालमा १ सय ३ वटा मात्र आइसोलेशन वेड रहेको छ। जसकारण बाँकी रहेका १२ जना संक्रमितलाई अहिले क्वारेन्टाइनमै राख्नु परेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन्।

वेडको अभावमा संक्रमण पुष्टि भइसकेका छिन्नमस्ता र बलानबिहुल गाउँपालिकाका ५/५ तथा तिरहुत गाउँपालिकाका २ जनालाई स्थानिय पालिककै क्वारेन्टाइनमा राखिएको छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार शनिबारसम्ममा जिल्लामा कोरोना संक्रमितको संख्या २ सय ८ पुगेको छ। जसमध्ये ९३ जना डिस्चार्ज भई बाँकी १ सय १५ जना संक्रमित उपचारको क्रममा छन्।

## क्वारेन्टाइनबाट फरार भएकाहरुलाई खोज्दै प्रहरी

**राजविराज**/कोरोना संक्रमण पुष्टि भएकै दिन क्वारेन्टाइनबाट भागेका एक यूवक र पिसिआर परिक्षण गर्न नभ्याउँदै भागेकी एक गर्भवती यूवतीलाई प्रहरीले हाल सम्म फेला पार्न सकेको छैन्।

सप्तरीको भारदहस्थित विपी स्मारक विद्यालयको क्वारेन्टाइन केन्द्रबाट गत मंगलबार साँझ पर्खाल नाघेर भागेका हनुमाननगर कंकालिनी नगरपालिका १ निवासी २४ वर्षिय संक्रमित यूवक शनिबारसम्म फेला पर्न नसकेको र खोजी कार्य जारि रहेको प्रहरीले जनाएको छ।

गत शुक्रबार राजविराजस्थित राजदेवी माविको क्वारेन्टाइनबाट भागेकी एक यूवती पनि हालसम्म फेला पर्न सकेको छैन्। राजविराज नगरपालिका २ की १६ वर्षिया ती यूवती दुई महिनाकी गर्भवती समेत छिन्। उनी पिसिआर परिक्षण रिपोर्ट

*बाँकी पाँच पृष्ठमा*




**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | City Express Money Transfer | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय

### जनताका लागि राहत प्याकेज आवश्यक

कोरोना भाइरसको महामारीकाबीच अहिले नेपाली जनता निकै त्रासमय जिवन बिताउन बाध्य छन् । सरकारले लकडाउनमा केही खुकुलो गरेसँगै जनजिवन केही सामान्यतर्फ उन्मुख भइरहेको छ । तर, सरकारले गरेको झण्डै तीन महिने लकडाउनकाबीचमा जनताले निकै कष्ठका साथ जिवन बिताउनु परेको छ । यस अवधीमा सम्पूर्ण जनता घरमै सीमित भएपछि रोजगारी समेत ओझेलमा परेको छ । दैनिक गुजारा गरेर जिवनयापन गर्ने व्यक्ति सबैभन्दा बढी मारमा परे । यो बाहेक शैक्षिक संस्था, उद्योग, कलकारखाना, यातायात व्यवसाय लगायत पनि ठप्प नै रहयो ।

सम्पूर्ण व्यवसायीहरु ठप्प रहेको बेला अब केही सहज परिस्थिति हुँदै जाँदा समेत सो बेलाको नोक्सानीको पूर्ती गर्न अबको केही वर्ष नै लाग्ने भएको छ । कतिपय कामहरु सुरु देखी नै संचालन गर्नुपर्ने अवस्थामा रहेको छ । यता शैक्षिक संस्थाहरु हालसम्म पनि बन्द रहदा बालबालिकाहरु विद्यालय जान सकिरहेका छैनन् ।

यस्तो बेला पनि सरकारले कुनै पनि क्षेत्रमा राहतको व्यवस्था गर्न सकेको छैन् । तसर्थ सरकारले जनताको हीतका लागि अविलम्ब सबै क्षेत्रमा कही सहुलियतको राहत प्याकेज ल्याउनु आवश्यक रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# चट्याङ लागेर चारको मृत्यु

## मृतक परिवारलाई प्रदेश सरकारद्वारा एक/एक लाख प्रदान

**राजविराज**/बिहीबार बिहान अविरल वर्षासँगै चट्याङ्ग लागेर सप्तरीमा चार जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

जिल्लाको महदेवा गाउँपालिकाका २७ वर्षीय बेचन यादव र ६० वर्षीय छेदी ठाकुर दुबै जना घरमा पूजा लगाएर सप्तकोशी नदीमा नुहाउन गएको बेला चट्याङ्ग लागेर कोशी नदी छेउमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै डाक्नेश्वरी नगरपालिका ९ का ३० वर्षीया ललितादेबी यादव बिहान खेतमा धान रोप्न जाँदा चट्याङ्ग लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तिलक भारतीले



जानकारी दिएका छन् ।

यस्तै राजगढ गाउँपालिका २ बेल्ही चपेनाका ४६ वर्षीय केसी साहको पनि खेतमा काम गर्दै गरेको बेला चट्याङ् लागेको प्रहरीले जनाएको छ । घाइते भएका साहलाई राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल ल्याउनेबित्तिकै मृत्यु भएको प्रहरीले जनाएको छ ।

सोही गाउँपालिका २ बेल्ही चपेनाकी १८ वर्षीया आशा मण्डल घरमा बसिरहेको बेला चट्याङ लागेर घाइते भएकी छन् । त्यस्तै जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ निवासी ५५ वर्षिया रुना सदा खेत जोतिरहेको अवस्था चट्याङ्ग लागेर घाइते भएका हुन् ।

यसैबीच प्रदेश नं २ का भूमि, व्यवस्था कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले चट्याङ लागेर मृत्यु भएका मृतक परिवारलाई एक/एक लाख रकम प्रदान गरेका छन् । मन्त्री साह मृतक परिवारको घरमै गएर सम्वेदना प्रकट गर्दै सो रकम प्रदान गरेका हुन् ।

# तिलाठी कोइलाडीले ल्यायो आधा दर्जन नौलो कार्यक्रम

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले आ.ब. २०७७/७८ को नीति तथा कार्यक्रम मार्फत आधा दर्जन नौलो कार्यक्रम ल्याएको छ ।

जसमा यूवालाई विदेश पलायन हुनबाट रोक्न “यूवाका लागि सीप, अध्यक्ष हाम्रो मित ( मित्र)” सहित आधा दर्जन भन्दा बढी नौलो कार्यक्रमहरु रहेका छन् ।

गाउँपालिका अध्यक्ष सतिश कुमार सिंहले यूवा शक्तिलाई विदेश पलायनबाट रोक्न उद्यमशिल र स्वरोजगार बनाउन “यूवा लागि सीप, अध्यक्ष हाम्रो मित (मित्र)” कार्यक्रम ल्याएको जानकारी दिएका छन् । यस्तै स्थानियस्तरमै कृषकको समस्या समाधान गर्न प्रत्येक वडामा “प्लान्ट क्लिनीक” तथा पशुपालन गर्न चाहने कृषकका लागि “निर्ब्याजी




ऋण” कार्यक्रम ल्याएको छ । यस्तै शिक्षाबाट कुनै पनि बालबालिका बञ्चित नहोस् भन्ने उद्देश्यले “हमहु जेबै स्कुल” (म पनि जान्छु विद्यालय), चार पटक गर्भ जाँच गराई स्वास्थ्य संस्थामा प्रसुती भई ३५ दिनभित्र बच्चाको जन्म दर्ता गराउने महिलालाई प्रोत्साहन गर्न “आमा सम्मान” तथा चट्याङ्गबाट वर्षेणी हुने जनधनको क्षति न्युनिकरणका लागि सबै ८ वटै वडा कार्यालय र १० वटा विद्यालयमा “चट्याङ्ग प्रतिरोधी” प्रणाली जडान कार्यक्रम पनि गाउँपालिकाले ल्याएको छ ।

जलवायू परिवर्तनका कारण हुने गरेको वातावरणीय क्षति कम गर्न “एक सन्तान एक रुख”, विद्यालय बाहिर रहेका बालबालिकालाई भर्ना गराउन “अभिभावक जागौं” तथा गाउँपालिकाका हरेक नागरिकलाई साक्षर बनाउन “साक्षर बनौं र बनाऔं” लगायतका कार्यक्रम गाउँपालिकाले ल्याएको छ ।

आगामी आर्थिक वर्षका लागि ३८ करोड ५३ लाख २४ हजार ५ सय ६० रुँपैयाको बजेट पारित गरेको गाउँपालिकाले बाढी नियन्त्रण, पूर्वाधार निर्माण, संरचना विकास, सडक निर्माण, खेलकुद, शिक्षा, कृषि, स्वास्थ्य, खानेपानी जस्ता योजनालाई समेत उच्च प्राथमिकतामा राखेको निमित्त प्रमुख प्रशासकीय अधिकृत राजु झाले बताए । गाउँपालिकाले प्रत्येक वडामा समान ६५ लाख रुँपैयाको दरले बजेट बिनियोजन समेत गरेको छ ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# कोरोना महामारीपछिको प्रभाव र सिक्नुपर्ने पाठ



**बेचन कुमार महतो**

नोवेल कोरोना भाईरसको महामारीले हामीलाई एक आपसमा जोडिएको संसारमा बाँचिरहेका छौं भनेर पुनः सम्झाएको छ। कोभिड-१९ को महामारीलाई कुनै पनि देशले यसलाई एक्लै सामना गर्न सक्तैन र यदि हामीले यस विश्वव्यापी चुनौतीलाई प्रभावकारी रूपमा नियन्त्रणका प्रयासहरू अगाडि बढायौं भने हाम्रो समाजको कुनै पनि क्षेत्रलाई बेवास्ता गर्न सकिन्न। कोविड १९लगायतका संक्रामक रोगहरूको नियन्त्रणको जिम्मेवारी हाम्रो स्वास्थ्य सेवा प्रणाली र संयन्त्रको मात्र नभई सबैको साझा दायित्व र साझा चुनौती हो। यो सम्पूर्ण विश्व जगत संयुक्त रूपमा मिलेर कार्य गर्ने अवसर पनि हो। कोभिड नियन्त्रणको प्रयास हाम्रो क्षमताको पनि परीक्षण हो।

राज्य शक्तिको अनुभूतिबाट टाढा रहेको सिमान्तकृत वर्गहरू माझ देशको सामाजिक र आर्थिक प्रगतिबाट प्राप्त हुने लाभहरू कसरी वितरण भएको छ? कति भएको छ? वर्तमानको समय यसको परीक्षाको घडी हो। यस सन्दर्भले आउने दिनहरूमा राष्ट्रिय संकट व्यवस्थापन योजना र नागरिक सुरक्षा प्रणालीहरूलाई चुनौती दिन सक्ने छन् र निश्चित रूपमा सरसफाई, आवास र स्वास्थ्य परिणामहरूको अनुभूति हुन दिन/नदिने अन्य चुनौतीहरू समेतलाई उजागर गर्नेछ।

अतः यस महामारीको सम्बोधनको लागि समाजले प्रायः कम महत्व दिएको वा वेवास्ता गरिएका तमाम पक्षहरू उपर ध्यान केन्द्रित गरिनु पर्दछ अन्यथा कोभिड- १९ विरूद्धको हाम्रो भगिरथ प्रयास असफल हुन सक्दछ। व्यक्तिको स्वास्थ्य समुदायको सब भन्दा सीमान्तकृत सदस्यहरूको स्वास्थ्यसँग जोडिएको हुन्छ। यस भाइरसको फैलावटलाई रोक्न सबै वर्गको उपचारमा समान पहुँच सुनिश्चित गर्न आवश्यक छ। यसको अर्थ सस्तो, पहुँच योग्य स्वास्थ्य सेवाका अवरोधकहरूलाई पार गर्नु र आयस्तर, भूगोल, जाति, जातीयता, धर्म वा सामाजिक परिवेशमा आधारित दीर्घकालीन र भेदभाव रहितउपचार प्रणालीको प्रत्याभूति गराउनु नै हो।

महिला तथा अल्पसंख्यक समुदायहरूको लैंगिक अधिकार र आवश्यकतालाई बेवास्ता गर्ने प्रणालीगत पक्षपाती व्यवहार पार गर्न सकिए कोभिड १९ को प्रभावकारी रोकथाम र उपचारको लागि महत्तवपूर्ण हुन सक्नेछ। विशेष रूपमा संस्थागत व्यवहारमा रमाउने व्यक्तिहरू, वृद्धहरू वा हिरासतमा रहने कैदीहरू संक्रमित हुन सक्ने सम्भावना बढी भएको हुँदा संकट व्यवस्थापनको योजनामा यी कुराहरूलाई विशेष ध्यान दिनु पर्ने देखिन्छ।

राष्ट्रिय प्रणालीहरूको अभिन्न हिस्साको रूपमा रहेका प्रायः सरसफाई तथा स्वास्थ्य सेवाको कमजोर प्रत्याभुति हुने स्थानमा वसोवास गर्ने आप्रवासी तथा शरणार्थीहरूको औपचारिक स्थितिलाई समेत ध्यान दिई कोरोना भाईरस नियन्त्रण गर्ने योजनाहरू लागू गरिनु पर्दछ। सरसफाई तथा स्वास्थ्य सेवाको फितलो प्रत्याभूति हुने शिविर तथा भिडभाड शहरी झुपडपटीहरू कोरोना संक्रमणको उच्चजोखिममा रहने हुँदा तिनीहरूको औपचारिकस्थितिलाई समेत ध्यान दिई कोरोना भाईरस नियन्त्रण गर्ने योजनाहरू लागु गरिनु पर्दछ।

प्रवासी र स्थानीय समुदायहरूलाई सेवा प्रदान गर्न कोरोना संक्रमित देशहरूलाई तत्कालै अन्तराष्ट्रिय सहयोग आवश्यक छ। संक्रमणको रोकथाम र आवश्यक व्यवस्थापकीय सम्बोधनको लागि राष्ट्रिय निगरानी राख्न पनि त्यतिकै जरूरी छ। अन्तर्राष्ट्रिय सहयोग र राष्ट्रिय निगरानीको अभावमा आमनागरिकको स्वास्थ्य जोखिममा पर्ने र मानवीय कलंक बोकी रहनु पर्नेमा दुई मत नहोला। सीमा नियन्त्रण, यातायात प्रतिबन्ध र सिमित आवागमन स्वतन्त्रता कायम गर्न सक्नु पनि आजको चुनौती हो।

यस्ता तत्कालीन चुनौतीहरूका वावजुद पनि कोरोनाभाइरसको मार्गले पक्कै पनि हाम्रो सिद्धान्त, मूल्य र साझा मानवताको परीक्षण गर्नेछ। संक्रमणले महामारीको रूप लिदै छ। संक्रमितहरूको पहिचान गर्न विभिन्न व्यवहारिक तथा व्यवस्थापकीय चुनौतीहरू छन्। भाईरस नियन्त्रणको औषधीको पहिचान हुन सकेको छैन वा अनिश्चित छ। यस अवस्थामा भाइरसले व्यक्ति र समाजमा गहिरो डर र चिन्ता बढाइरहेको छ।

केही बेइमान व्यक्तिहरूले निःसन्देह रूपमा यसको फाइदा लिन खोज्दैछन्, वास्तविक डरलाई बढावा दिदै आई रहेका छन् र चिन्ता बढाउने चिन्तनहरू सार्वजनिक गरी रहेका छन्। डर र अनिश्चितताका खेति गर्न गराउन पल्केकोहरू पनि हाम्रै माझमा छन्। धर्मका नाममा होस् वा क्षेत्रीयताको नाममा होस् चाहे चरम भौगोलिकताको आवरणमा हामी माथी रिस र दुश्मनी राख्नेहरू पनि यहि समाजमा नै छन्।

समय मै यस्ता कोरोना भाईरसका कारक तत्वहरूलाई नियन्त्रण गरिएन भने यसले महामारी निम्त्याउने निश्चित छ। सामाजिक मूल्य र मान्यतामा आधारित मानवताको धर्म नै संकटमा पर्नेमा कुनै शंका छैन। चलायमान शरणार्थीहरू यस मानेमा विशेष रूपमा लक्षित हुन सक्छन्। तर कोरोना भाइरसले आफैंमा कुनै किसिमको भेदभाव गर्दैन। आजको मिति सम्ममा संक्रमितहरू विश्वका अधिकांश देशहरूमा छन्।

सबै महादेशमा छन्। के विद्यार्थी, के महिला, के उद्यमी, के स्वास्थ्यकर्मी, के सुरक्षाकर्मी, के राजनितिज्ञ कोरोना भाईरसको प्रकोपबाट कोही पनि अछुतो रहन सकेका छैनन। आतंक र भेदभावले कहिले पनि अभावको समाधान हुन सकेको छैन। अतः राजनीतिक नेताहरूले अगुवाइ लिनै पर्दछ। पारदर्शी प्रयत्नको समयमै जानकारी दिइ जनविश्वास कमाउनै पर्दछ। साझा र राम्रोको लागि एक साथ काम गर्नु पर्दछ, र मानिसहरूलाई स्वास्थ्य संरक्षणको लागि उत्प्रेरित गर्नु पर्दछ। अफवाह र डर त्राश पैदा गर्ने उन्मादी आकाँक्षाले कोरोना भाईरस विरूद्धको व्यवस्थापकीय संयन्त्रलाई मात्र बाधा पुऱ्याउने छैन, यस्ता गतिविधिले त मानवअधिकार तथा उत्तरदायी र लोकतान्त्रिक संस्थाको प्रभावकारितामा पनि व्यापक प्रभाव पार्न सक्छ।

शाब्दिक अर्थमा गिर्दो स्टक बजार र वर्तमानको कमजोर आर्थिक-सामाजिक संयन्त्रको कारण आज विश्वको कुनै पनि देशले आफूलाई कोरोना भाइरसको प्रभावबाट अछुतो राख्न सक्दैन। विकासशील देशहरूमा यस रोगको निदान, उपचार र रोकथामकालागि अन्तराष्ट्रिय व्यवस्थापकीय सहयोग अरबौं मानिसहरूको जीवनको रक्षा गर्न महत्वपूर्ण हुनेछ। विश्व स्वास्थ्य संगठनले विशेषज्ञता सेवा, निगरानी प्रणाली, केस अनुसन्धान, सम्पर्क ट्रेसिगँ र अनुसन्धान तथा खोप विकास सम्बन्धी सेवाहरू प्रदान गर्दै आएको छ। यस अर्थमा वर्तमानको अन्तराष्ट्रिय एकता र बहुपक्षीय प्रणालीहरूको गतिविधी पहिले भन्दा बढी महत्तवपूर्ण भएका छन्।

**निष्कर्ष**

अतः दूरदृष्टीका साथ हामीले न्याय संगत र सुलभ सार्वजनिक स्वास्थ्य सेवा निर्माणको कार्यलाई तीव्र गर्नु पर्दछ। र हामी कसरी अहिलेको यो संकटको अवस्थालाई व्यवस्थापन गर्दैछौ, निःसन्देह ती प्रयासहरू आउँदो दशकहरूको लागि पथ निर्देश हुनेछ। यदि कोरोना भाइरस विरूद्धको हाम्रो प्रतिक्रिया जनविश्वास, पारदर्शिता, कमजोर वर्गको लागि समानुभूतिको सिद्धान्त र सम्मानमा आधारित हुने हो भने हामी प्रत्येक व्यक्तिको आन्तरिक अधिकारलाई मात्र समर्थन गर्नेछौ। भविष्यकालागि पाठहरू सिक्न सक्ने गरी प्रभावकारी संयन्त्रहरूको प्रयोग र निर्माण गर्ने छौं। (लेखक नेपाल मधेशी निजामति कर्मचारी मञ्चका महासचिव हुन्।)*(मधेश दर्पण फिचर सेवा)*






# कोरोनालाई परास्त गरि आमाछोरी डिस्चार्ज



**राजविराज**/कोरोना संक्रमित रहेकी सप्तरीकी एक गर्भवति महिला र उनकी तीन वर्षिया छोरी मंगलबार डिस्चार्ज भएकी छिन् ।

आमाछोरी दुबैको पिसिआर परिक्षण रिपोर्ट नेगेटिभ आएपछि मंगलबार डिस्चार्ज भएकी राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. रन्जित झाले जानकारी दिएका छन् ।

कोरोना संक्रमित भई गत जेठ १४ गते राजविराजस्थित साइकृष्ण अस्पतालको आइसोलेशन कक्षमा भर्ना भएकी जिल्लाको बलानबिहुल गाउँपालिका वडा नं. ५ रामनगरकी निर्मलादेवी यादव र उनको तीन वर्षिया छोरी अंजलीलाई मेसु डा. रन्जित झा लगायतले फुलमाला, अबिर लगाएर बिदाई समेत गरे ।

आमाछोरी एक महिनाअघि भारतको हरियाणबाट घर फर्केकी थिइन् । उनलाई गाउँपालिकाद्वारा निर्माण गरिएको क्वारेन्टाइनमा राखिएको तथा स्वाब परिक्षणको रिपोर्ट पोजेटिभ देखिएपछि आइसोलेशनमा पठाइएको बलानविहुल गाउँपालिका स्वास्थ्य चौकीका संयोजक मो. नसिम राइनले बताए ।

# नागरिकता विधेयक बिरुद्ध काँग्रेस, जसपा र जनमत पार्टीको छुट्टाछुट्टै प्रदर्शन

**राजविराज**/नागरिकता विधेयकको खारेजीको माँग गर्दै नेपाली काँग्रेस, जनता समाजवादी पार्टी र जनता पार्टीले राजविराजमा प्रदर्शन गरेको छ ।

विदेशी नागरिक बुहारी बनेर भित्रिएको सात वर्षपछि मात्र नागरिकता दिने सत्ताधारी दल नेकपाको निर्णयको बिरोध गर्दै काँग्रेस, जसपा र जनमत पार्टीले छुट्टाछुट्टै रुपमा बिरोध प्रदर्शन गरेका हुन् ।

नेपाली काँग्रेस सप्तरीको कार्यालयबाट निस्केको बिरोध प्रदर्शनमा सरकार तथा सत्ताधारी दल नेकपा बिरुद्ध चर्को नाराबाजी गर्दै राजविराज बजार क्षेत्र परिक्रमा गरेको थियो ।

यता राजविराजस्थित शिवमन्दिरको प्राङ्गणबाट निस्केको जनता समाजवादी पार्टीका नेता तथा कार्यकर्ताहरु सम्मिलित बिरोध प्रदर्शनमा सरकार बिरुद्ध चर्का नाराबाजी गर्दै निर्णय फिर्ता लिन आग्रह गरेको छ ।

यस्तै सिके राउत नेतृत्वको जनमत पार्टीले पनि आइतबारै सत्ताधारी दल नेकपाले बिदेशी नागरिक बुहारी बनेर भित्रिएको सात वर्षपछि मात्र नागरिकता दिइने सम्बन्धी गरेको निर्णय मधेशी बिरोधी भएको भन्दै बिरोध प्रदर्शन गरेका थिए ।

# सर्पदंशबाट एक सातामा तीनको मृत्यु, चार घाइते

**राजविराज**/वर्षासँगै सप्तरीमा सर्पदंशका घटनाहरु बढ्दै गएको छ । प्रायगरि गर्मी अनि वर्षा भएपछि हरियो घास तथा फोहरमा बास गरेका सर्पहरु बाहिर निस्केपछि सर्पदशंका घटनाहरु बढ्ने हो ।

सप्तरीमा सर्पदंशबाट एक सातामा दुई महिला र एक नाबालकसहित तीन जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् ।

पछिल्लो पटक जिल्लको राजगढ गाउँपालिका ६ मा बुधबार राती सर्पको टोकाईबाट एक नाबालकको मृत्यु भएको छ । सो गाउँपालिका ६ ईर्नवा निवासी मो.तैयब खानका १८ महिने छोरालाई घरमा सुतिरहेको अवस्थामा सर्पले टोकेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि सर्पको डसाईबाट जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका बनरझुल्ला टोलकी १९ वर्षिया कंचनकुमारी रायको सर्पदंशबाट मृत्यु भएको थियो । त्यस्तै सर्पले डसेर भर्ना भएकी राजविराज नगरपालिका ९ मलेठ की ४० वर्षिया सरस्वती मेहताको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यता सर्पले डसाईबाट घाइते भएकाहरु राजविराज नगरपालिका ११ की पुष्पा मण्डल, राजगढ गाउँपालिका ३ की प्रमिला यादव, डाक्नेश्वरी नगरपालिका ७ का रामकुमार मण्डल र अग्निसाइर कृष्णासवरण गाउँपालिका ३ का महिनारायण चौधरी छन् ।

# असार १६ मा जसपाको बिरोध प्रदर्शन

**राजविराज**/नागरिकता विधेयकको विरोधमा जनता समाजवादी पार्टीले असार १६ गते विरोध प्रदर्शन गर्ने भएको छ ।

राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएर प्रतिनिधिसभामा पुगेको नागरिकता विधेयकका कतिपय प्रावधान विभेदकारी भएको भन्दै जसपाले असार १६ गते विरोध प्रदर्शन र सभा आयोजना गर्ने जनाएको छ ।

जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले बुधबार विज्ञप्ति जारी गर्दै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिला अंगीकृत नागरिकता पाउन कम्तीमा निरन्तर सात वर्षसम्म नेपालमा बस्नुपर्ने प्रावधानप्रति विरोध जनाएका छन् ।

सो पार्टीले नेपाली नागरिकसँग विवाह गरेका विदेशी नागरिकले आफ्नो मुलुकको नागरिकता त्यागेको प्रमाणको आधारमा अंगीकृत नागरिकता दिनुपर्ने माग गरेको छ ।

# सडक दुर्घटनामा आमा छोराको मृत्यु

**राजविराज**/सप्तरीको कल्याणपुर खण्डमा स्कारपियो र मोटरसाइकल ठोकिदा आमा छोराको मृत्यु भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सो सडकखण्डमा मोटरसाइकल सवार खडक नगरपालिका ५ निवासी ५५ वर्षिया सुधनीदेवी दास र उनका ३२ वर्षिय छोरा बिरेन्द्र कुमार दासको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बुधबार राती १० बजेतिर पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको स१०प. ९०५० र विपरीत दिसाबाट आउँदै गरेको कंचनरुप नगरपालिका कार्यालयको स.१झ. ४८७ नम्बरको स्कारपियो भ्यान एक आपसमा ठोकिएर सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

अनुरोधकर्ता : बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# जसपाका विद्यार्थी संगठनले प्रधानमन्त्रीको पुतला जलाए, नेवि संघले निकाल्यो मसाल जुलुस





**राजविराज**/ जनता समाजवादी पार्टीका यूवा विद्यार्थीहरुले राजविराजमा नागरिकता विधेयक खारेजीको माँग गर्दै प्रधानमन्त्रीको पुतला दहन गरेका छन् ।

नागरिकता ऐन संशोधन प्रस्ताव संविधानको मर्म विपरीत रहेको भन्दै मंगलबार जसपाका यूवा विद्यार्थीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीको पुतला जलाएका हुन् ।

बिभेदकारी नागरिकता बिधेयक खारिज गर्नुपर्ने माँग गर्दै स्थानिय शिवमन्दिरको प्राङ्गणबाट निकालिएको बिरोध र्‍याली नगरको विभिन्न ठाउमा प्रदर्शन गर्दै दशन चौकमा बिरोध सभामा परिणत भएको थियो ।

यता बिरोध प्रदर्शन गर्दै उनीहरुले प्रधानमन्त्री ओलीको पुतला दहन गर्ने क्रममा प्रहरीसँग घम्साघम्सी समेत भएको थियो ।

यसैगरि नागरिकता विधेयक खारेजीको माँग गर्दै बिहीबार राजविराजमा नेवि संघ सप्तरीले मसाल जुलुससहित बिरोध प्रदर्शन गरेको छ ।

बिरोध प्रदर्शनका क्रममा नागरिकता विधेयक खारेज गर, महिला बिरुद्धको विभेद अन्त्य गर, अधिनायकवाद मुर्दावादका साथै प्रधानमन्त्री ओली बिरुद्ध चर्को नाराबाजी गरिएको थियो ।

# वन कार्यालयद्धारा पोखरी निर्माण र जिर्णोद्धारदेखी विरुवा बितरण



**राजविराज**/डिभिजन वन कार्यालय सप्तरीले वन, वन्यजन्तु, जैविक विविधताको संरक्षण र व्यवस्थापन तथा आर्थिक उपार्जनका लागि तीन वटा नयाँ पोखरी निर्माणसहित जिल्लाका विभिन्न स्थानका वन क्षेत्रमा १२ वटा पोखरीको जिर्णोद्धार गरेको छ ।

आर्थिक वर्ष २०७६/७७ मा पोखरीको निर्माण र जिर्णोद्वारसहित वन कार्यालयले विभिन्न जातका ५० हजार बिरुवा समेत निशुल्क बितरण गरेको छ ।

वन कार्यालयले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै एक वर्षको अवधीमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त वार्षिक कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याएको जनाएको छ ।

डिभिजनल वन अधिकृत सन्तोष कुमार झाका अनुसार संघीय तथा प्रदेश सरकारबाट प्राप्त वार्षिक कार्यक्रम सबै पक्षको सहयोगमा सतप्रतिशत कार्यान्वयन गराउन सफलता मिलेको छ ।

डिभिजनल वन कार्यालयले एक वर्षे अवधीमा दुई स्थानमा सिमसार क्षेत्रको संरक्षण तथा एक स्थानमा अतिक्रमण हटाई वन व्यवस्थापन गर्नुका साथै विभिन्न जातका १५ लाख बिरुवा उत्पादन गरेर सतप्रतिशत लक्ष्य प्राप्त गरेको प्रतिवेदनमा जनाएको छ ।

यस्तै ग्रामिण भेगका वनमा विविध जातका बिरुवा उपलब्ध गराइरहेको तथा चुरे क्षेत्र संरक्षणका लागि समेत विशेष कार्य योजना तयार पारेको उल्लेख गरेको छ । वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्न सरोकारवाला समेतको रायसुझावमा एकिकृत कार्ययोजना बनाएर बढ्दा सफलता मिल्दै गएको वन अधिकृत झाको भनाई छ ।

यस्तै तयार गरिएको योजनामा चोरी तथा वन अतिक्रमण नियन्त्रण, बृक्षारोपण, जिविकोपार्जनका लागि वैकल्पिक कार्यक्रम र सामाजिक सशक्तिकरणलाई प्राथमिकतामा राखेको छ ।

### *क्वारेन्टाइनबाट ...*

कोरोना पोजेटिभ आएकै दिन उनी भागेका थिइन् ।

पिसिआर परिक्षण गर्न नभ्याउँदै भागेकी ती यूवतीको घर र आफन्त कहाँ खोज्दा पनि फेला पार्न नसकिएको तथा खोजी कार्य जारि रहेको प्रहरीको भनाई छ ।

सप्तरीका विभिन्न क्वारेन्टाइनबाट भागेका ३ संक्रमितसहित ४ जना मध्ये दुई जनालाई भने प्रहरीले नियन्त्रणमा लिई आइसोलेशन र सम्बन्धीत स्थानिय तहको क्वारेन्टाइनमा फर्काइसकेको छ ।




## अन्तर्राष्ट्रिय समाचार

### आसियान सम्मेलनद्धारा कोभिड-१९ विरूद्धको लडाईं र महामारीपछिको सुधारमा जोड

**हनोइ**/दक्षिणपूर्वी एशियाली मुलुकहरूको संगठन (आसियान) को ३६औं सम्मेलन शुक्रबार आरम्भ भएको छ । भियतनामको अध्यक्षतामा हुँदै गरेको यस सम्मेलनमा सदस्य राष्ट्रहरूबीचको थप सहकार्य, कोभिड-१९ विरूद्धको लडाईं र महामारीपछिको सुधार योजनाबारे छलफल गरिने बताइएको छ । भिडियो सम्मेलनलाई सम्बोधन गर्दै भियतनामी प्रधानमन्त्री ङ्युएन सुआन फुकले सम्मेलन 'महामारीका कारण सिर्जित कठिनाईलाई व्यवस्थापन गर्न आसियन सदस्य राष्ट्रहरूबीच 'फेरि एक पटक बलियो ऐक्यवद्धता, राजनीतिक इच्छाशक्ति तथा दृढता' सहित अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री फुकले आसियन राष्ट्रहरूबीच अनुभव तथा सूचना आदानप्रदान हुँदै आएको चर्चा गर्दै वदलिँदो समयमा समूह राष्ट्रबीच लागि प्रभावकारीरूपमा सहकार्य गर्दै महामारी नियन्त्रणलगायत समग्र क्षेत्रको आर्थिक विकासका लागि थप सक्रिय बन्नुपर्ने बताउनुभयो । समूह राष्ट्रहरूबीच सहकार्य तथा एकीकरण लक्ष्य सम्पन्न गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने उहाँको धारणा रहेको छ । आसियन मुलुकहरूले आपसी लाभका लागि सधैं साझेदारी गरिरहेको स्मरण गर्दै भन्नुभयो, "हामी आर्थिक उदारीकरण र समाकलनका लागि बृहत आर्थिक क्षेत्रीय साझेदारीलाई टुङ्गोमा पुर्‍याउन प्रयासमा प्रतिवद्ध रहनेछौँ ।"

'संशक्तिशील तथा उत्तरदायी आसियन' नारा दिइएको सम्मेलनले कोभिड-१९ प्रतिरोधका औषधिजन्य सामग्रीको आपूर्ति तथा भण्डारणका लागि कोषको व्यवस्था गर्ने तथा महामारीपछिका योजना तयारीबारे बृहत बहस गर्ने बताइएको छ । आसियन नेताहरूले 'आसियन कम्युनिटी भिजन-२०२५' अन्तर्गत ब्लुप्रिन्टहरूको कार्यान्वयनको मध्यावधी समीक्षा गर्दै आसियान बडापत्रको कार्यान्वयन मूल्याङ्कन गरी आसियान कार्यक्रमको क्षमतामा सुधार ल्याउने बताएका छन् । सन् १९६७ मा स्थापना भएको क्षेत्रीय संगठनमा ब्रुनेई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, फिलिपिन्स, सिङ्गापुर, थाइल्याण्ड र भियतनाम सदस्य रहेका छन् । भियतनामको दा नाङमा अप्रिलमा सम्पन्न गर्नेगरी तय भएको ३६ औं सम्मेलन कोभिड-१९ का कारण स्थगित भएको थियो । एजेन्सी

### ओबामाकेएर विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर

**वासिङ्टन**/कोरोनाभाइरसको महामारीकै बीचमा अमेरिकी ट्रम्प प्रशासनले बिहीबार ओबामाकेएरका नामले परिचित बीमा कार्यक्रम (एफोर्डेबल केएर एक्ट) खारेजीको अनुरोध गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ । लकडाउनका कारण पाँच लाखभन्दा बढी मानिसले बिमाको प्रिमियम तीर्न नसकेको समाचार बाहिरिएकै दिन ट्रम्प प्रशासन सर्वोच्च अदालत पुगेको हो । राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू राष्ट्रपतिमा निर्वाचित भएदेखि नै यो कार्यक्रम खारेज गर्न पटकपटक प्रयास गर्नु भएको छ । ट्रम्प प्रशासनले तयार पारेको निवेदनमा कोरोनाभाइरसको बारेमा केही जिकिर गरिएको छैन । ट्रम्प प्रशासनको अनुरोधलाई सर्वोच्चले सदर गरेमा करिब दुई करोड अमेरिकी नागरिकको स्वास्थ्य बीमा समाप्त हुनेछ ।

रिपब्लीकन पार्टीकै बहुमत रहेको अवस्थामा पनि सन् २०१७ मा ओबामाकेएर खारेज गर्ने राष्ट्रपति ट्रम्पको प्रयास विफल भएपछि उहाँ कानुनी प्रक्रियामा लाग्नु भएको हो । ओबामाकेएर कानुनमा जटिल स्वास्थ्य अवस्था रहेका मानिसलाई पनि बीमा सुविधा उपलब्ध हुने सुनिश्चितता गरिएकाले यो कानुनी व्यवस्था प्रतिकूल निर्णय गर्न ट्रम्प प्रशासन र अदालतमाथि दबाब छ । राष्ट्रपति ट्रम्पले स्वास्थ्य प्रतिकूल भएका कुनै पनि अमेरिकीको स्वास्थ्य संरक्षण गरिने आश्वस्त पार्न खोज्नु भएको छ । राष्ट्रपतिको यो भनाईप्रति ह्वाइट हाउस वा रिपब्लीकन पार्टीले कुनै ठोस योजना भने अघि सार्न सकेका छैनन् । कोरोनाभाइरसका कारण अमेरिकी अर्थतन्त्रमा नकारात्मक असर परेसँगै करिब दुई करोड ७० लाख मानिस बेरोजगार भएकाले पनि स्वास्थ्य बीमा कार्यक्रममा असर पर्न लागेको हो । एजेन्सी

### टर्की अदालतद्धारा १२१ व्यक्तिलाई आजीवन कारावास सजाय

**अङ्कारा**/टर्कीको एक अदालतले सन् २०१५ मा राष्ट्रपति रेसेप तैयप एर्दोगानलाई सत्ताच्युत गर्ने प्रयासमा भाग लिएको अभियोगमा १२१ व्यक्तिलाई आजीवन कारावास सुनाएको सरकारी समाचार संस्था, अनादोलु न्यूज एजेन्सीले जनाएको छ । सरकारी आनादोलु समाचार एजेन्सीले भनेको छ, "अङ्करास्थित उक्त अदालतले राज्यविद्रोहमा सम्लग्न ८६ जनालाई 'संविधानको उल्लङ्घन गर्ने प्रयास' गरेको आरोपमा 'कडा' आजीवन कारावासको सजाय सुनाएको छ । सोही अपराधको लागि अन्य ३५ जनालाई आजीवन कारावासको सुनाइएको छ ।" आजिवन काराबासको सजाय सुनाइएकामध्ये ८६ जनालाई काराबासमा रहँदा पालना गर्नुपर्ने कडा सर्तहरू तोकिएको समाचारमा उल्लेख छ ।

टर्कीमा सन् २०१६ मा राष्ट्रपति रेसेप तैयप एर्दोगान र उहाँ नेतृत्वको प्रशासनलाई सत्ताच्युत गर्ने योजनासहित भएको उक्त असफल प्रयासका क्रममा कम्तीमा ३०० जनाको मृत्यु भएको र दुई हजार १०० व्यक्ति घाइते भएका थिए । सरकारले उक्त असफल प्रयास टर्कीका धार्मिक नेता मोहम्मद फेतुल्ला गुलेनको योजना र निर्देशनमा भएको दावी गरेको थियो भने उहाँले यसमा आफ्नो कुनै सम्लग्नता नरहेको दावी गर्दै आउनुभएको छ । उक्त आक्रमणमा सम्लग्न रहेको आरोपमा एर्दोगान प्रशासनले टर्कीमा सरकारी, गैर-सरकारी तथा निजी क्षेत्रमा कार्यरत कैयौं व्यक्तिलाई पक्राउ गरी मुद्दा चलाएको थियो । घटनालाई लिएर सरकार पक्षले गुलेनका पक्षधर दावी गरेका कम्तीमा १० हजार सैनिक, दुई हजार ७४५ न्यायाधीश, १५ हजार शैक्षिक क्षेत्रमा कार्यरत कर्मचारी, २१ हजार शिक्षकलगायत गरी कम्तीमा ७७ हजार व्यक्तिलाई पक्राउ गरेको र एक लाख ६० हजार व्यक्तिलाई जागिरबाट वर्खास्त गरेको विपक्षी दलहरूले बताउँदै आएका छन् । यसै मुद्दामा हजारौ सरकारी अधिकारीहरूले पदबाट बाहिरिनु परेको गुलेनका अनुयायीहरू तथा विपक्षी दलहरूले दावी गर्ने गरेका छन् । एजेन्सी

# नागरिकता विधेयक खारेजीको माँग गर्दै महिलाहरुद्वारा प्रदर्शन



**राजविराज**/नागरिकता संशोधन विधेयक खारेजीको माँग गर्दै सप्तरीका महिलाहरु सडकमा उत्रिएका छन् ।

जनता समाजवादी पार्टी निकट महिला संघको अगुवाइमा शनिबार राजविराजमा नागरिकता विधेयक बिरुद्ध सडकमा बिरोध प्रदर्शन गरिएको हो ।

बिरोध प्रदर्शनको क्रममा महिलाहरुले बैबाहिक अंगिृकत नागरिकताको सात वर्षे प्रावधान खारेज गर, महिलासँगको विभेद अन्त्य गर, बेटीरोटीको सम्बन्ध बिगार्न पाइदैन्, मधेशीमाथीको अत्याचार बन्द गर लगायतका नारासहितको प्ले कार्ड लिएर बिरोध प्रदर्शन गरेका थिए ।

बिरोध प्रदर्शनपछि आयोजित कोणसभालाई सम्बोधन गर्दै जनता समाजवादी पार्टी निकट महिला नेतृत्वहरु पुनम यादव, लक्ष्मी चौधरी, साधना झा, मन्जु साह, गिता यादव, रमिला साह, उषा साहलगायतले नागरिकता सम्बन्धी ल्याइएको संशोधन विधेयक मधेशीप्रतिको विभेदलाई उजागर गरेको आरोप लगाए ।

विधेयक खारेज नगरिए आन्दोलनबाटै सरकारलाई विधेयक फिर्ता लिन बाध्य पार्ने महिलाहरुले चेतावनी समेत दिएका छन् ।

# सप्तरीमा १ सय ७ जना कोरोनाबाट भए निको

**राजविराज**/ सप्तरीमा शनिबार थप १६ जना कोरोना संक्रमितहरु निको भएका छन् ।

योसँगै जिल्लामा कोरोनाबाट निको हुनेको संख्या १ सय ७ पुगेको गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. रन्जित झाले जानकारी दिएका छन् ।

यता शनिबार साँझसम्म कोरोना संक्रमितको संख्या सप्तरीमा २ सय ८ नै रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले बताए ।

यता जिल्लाको १८ स्थानिय तहमध्ये हालसम्म १६ वटा स्थानिय तहबाट कोरोना संक्रमित फेला परिसकेका छन् ।

यसैबीच शनिबारसाँझ सम्ममा नेपालमा कोरोना संक्रमितको कुल संख्या १२ हजार ३ सय ९ पुगेको छ भने २ हजार ८ सय ३४ जना निको भएका छन् । त्यस्तै २८ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

# नि:शुल्क शिविरको आयोजना



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले छाला रोग सम्बन्धी नि:शुल्क शिविरको आयोजना गर्नुका साथै नि:शुल्क औषधिसमेत प्रदान गरेको छ ।

गाउँपालिकाको स्वास्थ्य शाखाद्वारा शनिबार प्राथमिक स्वास्थ्य केन्द्र तोपामा आयोजना गरेको सो शिविरबाट एक सय जना लाभान्वित भएका छन् ।

लालगढ अस्पतालका छाला रोग विशेषज्ञ डा. आनन्द सुनुवार र वरिष्ठ कुष्ठरोग सुपरभाइजर शंकरमान श्रेष्ठले शिविरमा जाँच गरेको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख शैलेश मिश्रले जानकारी दिएका छन् ।

सो शिविरमा एक जना पुरुषमा कुष्ठरोग फेला परेको स्वास्थ्य शाखा प्रमुख मिश्रले जानकारी दिँदै शिवर सञ्चालनका क्रममा सामाजिक दुरीलाई कायम गरी आवश्यक स्वास्थ्य सुरक्षा प्रोटोकललाई ध्यानमा राखि ब्यवस्था मिलाएको बताए ।

# नेवि संघले जलाए प्रधानमन्त्रीको पुतला



**राजविराज**/नेवि संघ सप्तरीको अगुवाईमा शनिबार राजविराजमा नागरिकता विधेयक बिरुद्ध प्रदर्शन गर्नुका साथै प्रधानमन्त्री केपी शर्मा ओलीको पुतला दहन गरिएको छ । पुतला दहन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा केही बेर घम्साघम्सी समेत भएको थियो ।

नेवि संघका विद्यार्थी नेताहरुले नागरिकता संशोधन विधेयक खारेज नभएसम्म सडक र सदन दुबै ठाउँबाट संघर्ष जारि राख्ने बताएका थिए ।

# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*